## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस विधेयकको नाम "माप्य दुधकोशी गाउँपालिकाको फोहरमैला तथा सरसफाई व्यवस्थापन गर्न बनेको ऐन, २०७५" रहेको छ।

(२) यो ऐन गाउँपालिका क्षेत्र भर तुरून्त लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस ऐनमा,

(क) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय सम्झनु पर्छ।

(ख) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदूषित फोहरमैला सम्झनु पर्छ।

(ग) "कन्टेनर" भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो वा वाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले माप्य दुधकोशी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले माप्य दुधकोशी गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "निष्कासन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट गाउँपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्दछ।

(छ) "अध्यक्ष" भन्नाले माप्य दुधकोशी गाउँपालिको अध्यक्षलाई सम्झनु पर्छ।

३२. **सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन** : सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी गाउँपालिकाको वडा क्षेत्र भित्र देहाय बमोजिमको समिति गठन गरी देहाय बमोजिम कार्य गर्नु पर्नेछ।

(क) वडा तहमा

(१) सम्बन्धित तहको वडा अध्यक्ष - अध्यक्ष

(२) सम्बन्धित वडाको वडा सदस्यहरु - सदस्य

(३) सम्बन्धित वडा भित्र भएका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु - सदस्य

(४) आमा समूह तथा विभिन्न समूहका अध्यक्षहरु / महिला स्वंयम सेविकाहरु - सदस्य

(५) विभिन्न संघ-संस्थाका अध्यक्षहरु - सदस्य

(६) सम्बन्धित वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(ख) सरसफाइ सम्बन्धि टोल तहमा र बजार क्षेत्रमा सरसफाइ सम्बन्धी सरोकारवाला सबैलाई समेटेर उप समिति बनाउन सकिने छ।

(१) समितिको निर्णय बमोजिम गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सवै घरपरिवारसम्म वितरण गर्नेछन्।

